# चिशंखुगढी गाउँपालिका

## राहत वितरण प्रणाली (कुपन) प्रयोग सम्बन्धी मार्गदर्शन, २०७७

# चिशंखुगढी गाउँपालिकाको राहत वितरण प्रणाली (कुपन) प्रयोग सम्बन्धी मार्गदर्शन, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।०१।०८

प्रस्तावना

चिशंखुगढी गाउँपालिकाबाट वितरण गर्ने राहतलाई चुस्त, पारदर्शी, मितव्ययी, एवं वैज्ञानिक बनाउन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम चिशंखुगढी गाउँपालिकाको राहत वितरण प्रणाली (कुपन) प्रयोग सम्बन्धी मार्गदर्शन, २०७७ कार्यपालिकाले स्वीकृत गरी लागू गरेको छ ।

१. प्रकोपको अबस्था बिश्लेषण

विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस अर्थात कोभिड-१९ बाट उत्पन्न जटिल पारिस्थितिको कारण चिशंखुगढी गाउँपालिका भित्रका जनतामा पनि त्रासको अवस्था रहेको र अहिले सम्म कुनै अप्रिय अवस्था सृजना नभएता पनि भारत तथा अन्य तेस्रो मुलुकबाट मानिसहरु फर्किरहेको र महामारीको नियन्त्रणको लागि नेपाल सरकारले अवलम्बन गरेको बन्दाबन्दीको रणनीति यस पालिका भित्र पनि पूर्ण रुपमा पालना भएको कारण यस गाउँ पालिका क्षेत्र भित्र रहेको दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक बर्ग, साना व्यबसायी जस्तै ठेला, घुम्ति जस्ता साना पसल सञ्चालक, तथा बैदेशिक रोजगार बाट दैनिकी चलाउने घरपरिवार र अन्य आयस्रोत नभएका व्यक्ति, अपाङ्ग तथा घरपरिवार सङ्कटापन्न अवस्थामा रहेका घरपरिवारको लागि गाउँपालिका बाट राहत बितरण कार्य तत्काल शुरु गर्न आवश्यक भएकोले राहत वितरणको कार्यलाई प्रभावकारी कार्यान्बयनका लागि यो मार्गदर्शन तयार गरिएको छ ।

२. राहतको लागि लक्षित वर्गको पहिचान

राहतको लागि लक्षित वर्गको पहिचानको लागि वडा अध्यक्षको रोहबरमा सम्बन्धित प्रत्येक वडामा पारिचालित सर्वदलीय संयत्र सहितको समितिले दिएको तथ्याङ्क वडाले सिफारिस गरी पठाए पश्चात गाउँ कार्यपालिका बाट स्विकृत गरी राहत बितरण प्रक्रिया अघि बढाइनेछ।

कोरोना प्रकोपको असर र यसबाट प्रभाबित घरपरिवार पाहिचान गर्दा गाउँ क्षेत्र भित्र रहेका दैनिक ज्यालादारीमा काम गर्ने श्रमिक वा मजदुर बर्ग, साना व्यापारी जस्तै ठेला, घुम्ति जस्ता साना पसल सञ्चालक, अपाङग, असक्त, असाहय, साना व्यवसाय, बैदेशिक रोजगार बाट दैनिकी चलाउने घरपरिवार, गिट्टी कुट्ने मजदुर, बालुवा चाल्ने तथा इट्टा भट्टामा दैनिक

ज्याला मजदुरीमा काम गर्ने मजदुर, निर्माण कार्यमा दैनिकी ज्यालादारीमा काम गर्ने डकर्मी, सिकर्मी, हेल्पर लगायतका मजदुर, सवारी साधन मर्मत तथा सचालन गरि दैनिकी गुजारा चलाउने र अन्य आयस्रोत नभएका व्यक्ति तथा घरपरिवारलाइ प्राथमिकता दिइनेछ।

३. सेवा प्रदायकको पहिचान, अबस्था बिश्लेशण र छनौट

राहत बितरण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय स्तरमा सञ्चालनमा रहेका निजी वा सहकारी सेवा प्रदायकहरूलाइ प्रोत्साहित गर्न यस गाउँ पालिका क्षेत्र भित्र सञ्चालनमा रहेका सेवा प्रदायकहरु मध्ये खाद्यान्न होलसेल तथा किराना पसल, कृषि सामाग्री आपूर्तीकर्ता, तरकारी पसल, स्थानीय श्रोत ब्यक्तिहरू आदिको सूची तयार पारी उनीहरु मार्फत उपलव्ध गराउन सकिने सामान बस्तुको तथा आवश्यक सेवाको खुल्ला टेन्डर गरी कोटेसन (मूल्य सुचि) माग गरिनेछ र प्रतिस्पर्धाको आधारमा सेवा प्रदायकहरूको छनौट गाउँ कार्यपालिका बैठकले गर्ने छ । यस सङ्कटको घडिमा हुन सक्ने कालो बजारीलाइ ध्यानमा राखी खुल्ला प्रतिस्पर्धाको आधारमा कार्यपालिका मार्फत सेवा प्रदायकको छनोट गरिनेछ। उक्त सेवा प्रदायक प्यानमा अनिबार्य दर्ता भएको हुन पर्नेछ। यदि गाउँ पालिका अन्तर्गत पालिका बा कुनै वडामा यस्ता सेवा प्रदायक नभएको वा उनीहरुले सेवा दिन नसक्ने अवस्था रहेमा गाउँ पालिकाले सेवा प्रदायकको छनौट गर्ने छ र सम्बन्धित वडा कार्यालयमा स्थापना गरिएको राहत बितरण केन्द्रको मातहतमा रहि सेवा प्रदायक मार्फत राहत बितरण कार्यलाइ अगाडि बढाईनेछ।

४. राहत कुपनको निर्माण र बितरण

राहत बितरण कार्यलाइ प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थित गर्न वडा समितिको सिफारिसको आधारमा, राहत पयाकेज सहितको कुपनको निर्माण गाउँपालिकाले गर्नेछ। त्यसको लागि समितिले गरेको अध्ययनको आधारमा परिवार सदस्य संख्या र प्रकोप प्रभावितको अवस्था बिश्लेशण गरी उनीहरुको आवश्यकताको आधारमा चामल, पिठो, तरकारी, तेल, दाल, नुन वा अन्य आबश्यकतालाई ध्यानमा राखि राहत प्याकेज बनाइनेछ। उक्त प्याकेज राहत कुपनमा समावेश गरी गा.पा. कार्यालयको छाप र अध्यक्षको हस्ताक्षर सहितको कुपन सम्बन्धित लक्षित वर्गलाइ वडा समिति मार्फत सम्बन्धित वडा कार्यालयको निगरानीमा पायक पर्ने स्थानबाट सामाजिक दुरी कायम गरी बितरण गरिनेछ। यस प्रकोप अनि बन्दाबन्दी अबस्थालाई बिश्लेषण गरी, जनताको खाद्य सम्बन्धि हकको पूर्ण सुनिश्चितताको लागि गाउँपालिकाले यस्तो राहत कुपन एक पटक वा एक भन्दा धेरै पटक पनि बितरण गर्न सक्नेछ।

५. राहत बितरण

लक्षित वर्गलाइ बितरण गरिएको राहत कुपनमा गाउँपालिका अध्यक्ष बा नीजले तोकेको ब्यक्ती ले हस्ताक्षर भए पछि सो को आधारमा सम्बन्धित सेवा प्रदायक वा राहत बितरण केन्द्र मार्फत गाउँपालिका र वडाको निगरानीमा राहत बितरण कार्य गरिनेछ। राहत बितरण कार्यलाइ अझ प्रभावकारी र जोखिम मुक्त बनाउन बितरक र लक्षित वर्ग दुबैले सामाजिक दूरी अनिवार्य रुपमा कायम गर्नु पर्नेछ भने सामाग्री बितरण गर्दा दुबै तर्फबाट अनिवार्य मास्क, पञ्जा तथा सेनीटाईजरको प्रयोग गर्नु पर्नेछ ।

६. आर्थिक पक्ष

यस संकटको घडिमा गाउँपालिकाले बितरण गर्ने राहत सामग्री खरिदको लागि स्थानीय रुपमा संचालनमा रहेका व्यवसायीहरूलाई प्राथमिकता दिई परिचालन गरिनेछ। सेवा प्रदायकले बितरण गरेको सामाग्रीको नगद भुक्तानी राहत कुपनको आधारमा गाउँपालिका मार्फत गरिनेछ र सो को लागि सम्बन्धित सेवा प्रदायकले राहत बितरण भै सके पश्चात संकलन भएका कुपन भुक्तानीको लागि निबेदन सहित गाउँपालिकामा पेश गर्नु पर्नेछ।

<u>द्रष्टव्यः</u> यस मार्गदर्शनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, यस गाउँपालिकाको आर्थिक ऐन, नियमावली, मापदण्ड, निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

अनुसूचि १

<u>राहत प्याकेज</u>

चिशंखुगढी गाउँपालिकाको असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने सम्बन्धी मापदण्ड, २०७६ मा उल्लेख भए बमोजिम हुनेछ ।

अनुसूचि २

कुपनको नमूना

## कोरोना राहत कुपन

चिशंखुगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना, ओखलढुंगा, प्रदेश नं १, नेपाल



वडा नं.

घरमुलीको नामः

ना. प्रा. स. न.:

परिवार संख्याः

हस्ताक्षरः

कुपन नं.

### परिमाण

| चामल केजी | दाल केजी | नुन केजी | तेल लि. | अन्य |
|---|---|---|---|---|
| | | | | |

अध्यक्षको सहि :.......................